S.A.R. ASSOCIATES
CHARTERED ACCOUNTANTS

**Certificate from the Auditors**
**on the Report of**
**NIC Asia Bank Limited**

**Pursuant to Corporate Governance Guidelines for Listed Companies, 2074**

**To the Securities Board of Nepal**

We have examined the information set out in the attached report relating to the financial year ending Ashadh 32, 2079 (July 16, 2022) prepared by the Management of NIC Asia Bank Limited and approved by 582nd meeting of its Board of directors held on Poush 06, 2079 (December 21, 2022).

The management and Board of Directors of the Bank are responsible for preparation of this report in accordance with the requirement of Corporate Governance Guidelines for Listed Companies, 2074. Our examination was limited to verification of the information provided in the report from the accounts and records maintained by the Bank. It is neither an audit nor an expression of opinion on the financial statements of the Bank.

In our opinion and to the best of our information and according to the explanations given to us, we certify that the aforesaid report fairly presents the information set out therein.

S.A.R. Associates Chartered Accountants Kathmandu

Date: Poush 06, 2079
Place: Kathmandu, Nepal

Ramesh Kumar Dhital
Partner

UDIN: 221227CA00577xhebT

T +977 1 4420807 / 08 / 10 F +977 1 4440528 E info@sar.com.np
Address 64 Bishal Basti "Ka", Bishal Nagar, GPO Box 4585, Kathmandu, Nepal

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | | |
|---|---|---|
| सूचीकृत सङ्गठित संस्थाको नाम | : | एन आई सी एशिया बैंक लि. |
| ठेगाना इमेल र वेवसाइट सहित | : | ट्रेड टावर नेपाल, थापाथली, काठमाण्डौं (इमेल : info@nicasiabank.com र वेभसाइट : www.nicasiabank.com) |
| फोन नं. | : | ०१-५१११७७/७८/८८ |
| प्रतिवेदन पेश गरिएको आ.व. | : | २०७८/७९ |

१. **सञ्चालक समिति सम्बन्धी विवरण :**

(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति:
श्री तुलसीराम अग्रवाल, वि.सं. २०७८/१२/२०

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य:)

| शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना % |
|---|---|---|
| संस्थापक शेयरधनीहरु | ५८,९७६,३५६ | ५१.०० |
| सर्वसाधारण शेयरधनीहरु | ५६,६६३ ,६९८ | ४९.०० |
| **जम्मा शेयर** | **११५,६४०,०५४** | **१००.००** |

(ग) सञ्चालक समिति सम्बन्धी विवरण :

| क्र. सं. | सञ्चालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरीका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री तुलसीराम अग्रवाल विराटनगर,-९ मोरङ्ग | संस्थापक समुह | २,०६२,८११ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| २ | श्री त्रिलोक चन्द अग्रवाल लाजिम्पाट-२, काठमाडौं | संस्थापक समूह | ६,१७०,३७६ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ३ | श्री रामचन्द्र संघई कमलपोखरी-२५, काठमाडौं | संस्थापक समुह | ५,१०२,७५१ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ४ | श्री निकुञ्ज अग्रवाल लाजिम्पाट-२, काठमाडौं | सर्वसाधारण समुह | २,०५७,३९५ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ५ | श्री आदित्य कुमार अग्रवाल कमलादी-२८, काठमाडौं | सर्वसाधारण समुह | १४३ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ६ | श्री गणेश मान श्रेष्ठ वाफल-१३, काठमाडौं | सर्वसाधारण समुह | ३७१ | २०७८/१२/२० | २०७८/१२/२१ | साधारण सभाको माध्यमबाट |
| ७ | श्रीमती विजया स्वार सानेपा-२, ललितपुर | स्वतन्त्र सञ्चालक | - | २०७८/०७/१० | २०७८/०७/१० | सञ्चालक समितिको निर्णयानुसार |

* नोट:
मिति २०७८/१२/२० मा सम्पन्न बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री निकुञ्ज अग्रवालज्युले मिति २०७९ कार्त्तिक ०१ गते आफ्नो व्यक्तिगत कारण दर्शाउनु भई सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०७९ कार्त्तिक ०२ मा सम्पन्न सञ्चालक समितिको ५७१ औं बैठकले स्वीकृत गरी सञ्चालक समितिको सोही बैठकले सञ्चालक श्री निकुञ्ज अग्रवालको पदावधिको बाँकी अवधिको लागि सर्वसाधारण शेयरधनी समुहबाट श्री केशवप्रसाद लम्सालज्यूलाई बैंकको सञ्चालक पदमा नियुक्त गरेको छ ।

(घ) सञ्चालक समितिको बैठक

- सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०७८/०४/१३ | ७ | नभएको | २०७७/०४/०७ |
| २ | २०७८/०४/१४ | ७ | नभएको | २०७७/०४/०८ |
| ३ | २०७८/०४/१९ | ६ | नभएको | २०७७/०४/२८ |
| ४ | २०७८/०४/२७ | ७ | नभएको | २०७७/०४/२९ |
| ५ | २०७८/०४/२८ | ७ | नभएको | २०७७/०५/२८ |
| ६ | २०७८/०५/०९ | ७ | नभएको | २०७७/०६/२१ |
| ७ | २०७८/०५/१० | ७ | नभएको | २०७७/०६/२८ |
| ८ | २०७८/०५/११ | ७ | नभएको | २०७७/०७/०४ |
| ९ | २०७८/०५/२७ | ७ | नभएको | २०७७/०७/१६ |
| १० | २०७८/०५/२९ | ६ | नभएको | २०७७/०७/२६ |
| ११ | २०७८/०५/३० | ६ | नभएको | २०७७/०८/१० |
| १२ | २०७८/०६/०६ | ६ | नभएको | २०७७/०८/२६ |
| १३ | २०७८/०६/०७ | ६ | नभएको | २०७७/०९/०८ |
| १४ | २०७८/०६/२० | ६ | नभएको | २०७७/०९/२२ |
| १५ | २०७८/०६/२२ | ६ | नभएको | २०७७/१०/१४ |
| १६ | २०७८/०७/०८ | ६ | नभएको | २०७७/१०/१५ |
| १७ | २०७८/०७/१० | ७ | नभएको | २०७७/१०/२८ |
| १८ | २०७८/०७/११ | ७ | नभएको | २०७७/१०/२९ |
| १९ | २०७८/०७/१२ | ७ | नभएको | २०७७/११/१२ |
| २० | २०७८/०७/१७ | ७ | नभएको | २०७७/११/१३ |
| २१ | २०७८/०७/२५ | ७ | नभएको | २०७७/११/२६ |
| २२ | २०७८/०७/२६ | ७ | नभएको | २०७७/११/२७ |
| २३ | २०७८/०८/०८ | ७ | नभएको | २०७७/१२/११ |
| २४ | २०७८/०८/०९ | ७ | नभएको | २०७७/१२/२५ |
| २५ | २०७८/०८/१५ | ५ | नभएको | २०७७/१२/२६ |
| २६ | २०७८/०८/२२ | ५ | नभएको | २०७८/०१/०८ |
| २७ | २०७८/०८/२३ | ७ | नभएको | २०७८/०१/१० |
| २८ | २०७८/०९/१५ | ७ | नभएको | २०७८/०१/२२ |
| २९ | २०७८/०९/१६ | ६ | नभएको | २०७८/०१/२३ |
| ३० | २०७८/०९/२८ | ७ | नभएको | २०७८/०१/२७ |
| ३१ | २०७८/०९/२९ | ७ | नभएको | २०७८/०२/०५ |
| ३२ | २०७८/१०/१९ | ७ | नभएको | २०७८/०२/०६ |
| ३३ | २०७८/१०/२० | ७ | नभएको | २०७८/०२/१३ |
| ३४ | २०७८/१०/२७ | ५ | नभएको | २०७८/०२/१४ |
| ३५ | २०७८/१०/२८ | ५ | नभएको | २०७८/०२/१९ |
| ३६ | २०७८/११/११ | ६ | नभएको | २०७८/०२/२० |
| ३७ | २०७८/११/१२ | ६ | नभएको | २०७८/०२/३० |
| ३८ | २०७८/११/२५ | ७ | नभएको | २०७८/०२/३१ |
| ३९ | २०७८/११/२६ | ६ | नभएको | २०७८/०३/०१ |
| ४० | २०७८/१२/०९ | ५ | नभएको | २०७८/०३/२३ |
| ४१ | २०७८/१२/१० | ५ | नभएको | २०७८/०३/२४ |
| ४२ | २०७८/१२/२० | ७ | नभएको | २०७८/०३/३० |
| ४३ | २०७८/१२/२१ | ७ | नभएको | २०७८/०३/३१ |

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| ४४ | २०७८/१२/२२ | ७ | नभएको | |
| ४५ | २०७९/०१/०७ | ६ | नभएको | |
| ४६ | २०७९/०१/०८ | ६ | नभएको | |
| ४७ | २०७९/०१/०९ | ५ | नभएको | |
| ४८ | २०७९/०१/१९ | ६ | नभएको | |
| ४९ | २०७९/०१/२० | ६ | नभएको | |
| ५० | २०७९/०२/०८ | ६ | नभएको | |
| ५१ | २०७९/०२/०९ | ६ | नभएको | |
| ५२ | २०७९/०२/१९ | ७ | नभएको | |
| ५३ | २०७९/०२/२५ | ६ | नभएको | |
| ५४ | २०७९/०२/२६ | ६ | नभएको | |
| ५५ | २०७९/०२/२७ | ७ | नभएको | |
| ५६ | २०७९/०३/०८ | ६ | नभएको | |
| ५७ | २०७९/०३/०९ | ५ | नभएको | |
| ५८ | २०७९/०३/१० | ४ | नभएको | |
| ५९ | २०७९/०३/२२ | ५ | नभएको | |
| ६० | २०७९/०३/२३ | ५ | नभएको | |

- कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण: नभएको

- सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :
  - सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने:

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | अनुपस्थित संचालकको नाम तथा कारण |
|---|---|---|---|
| १ | २०७८/०४/१९ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कारणवश बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २ | २०७८/०८/१५ | ५ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू देश बाहिर रहनुभएकोले तथा सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ३ | २०७८/०८/२२ | ५ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू र सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ४ | २०७८/०९/१६ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ५ | २०७८/१०/२७ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले र सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ६ | २०७८/१०/२८ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले र सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ७ | २०७८/११/११ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |

| क.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | अनुपस्थित संचालकको नाम तथा कारण |
|---|---|---|---|
| ८ | २०७८/११/१२ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ९ | २०७८/११/२६ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू उपत्यका बाहिर भ्रमणमा रहनुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १० | २०७८/१२/०९ | ५ | सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू तथा सञ्चालक श्री बिनोद कुमार प्याकुरेलज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| ११ | २०७८/१२/१० | ५ | सञ्चालक श्री राजेन्द्र प्रसाद अर्यालज्यू तथा सञ्चालक श्री बिनोद कुमार प्याकुरेलज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १२ | २०७९/०१/०७ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यूको विदेश भ्रमण परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १३ | २०७९/०१/०८ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यूको विदेश भ्रमण परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १४ | २०७९/०१/०९ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यूको विदेश भ्रमण परेको कारणले तथा सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १५ | २०७९/०१/१९ | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यूको विदेश भ्रमण गर्नु परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १६ | २०७९/०१/२० | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यूको विदेश भ्रमण गर्नु परेको कारणले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १७ | २०७९/०२/०८ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| १८ | २०७९/०२/०९ | ६ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको |
| १९ | २०७९/०२/२५ | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २० | २०७९/०२/२६ | ६ | सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २१ | २०७९/०३/०८ | ६ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विदेश भ्रमणमा जानुभएकोले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २२ | २०७९/०३/०९ | ५ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विदेश भ्रमणमा जानुभएकोले तथा सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २३ | २०७९/०३/१० | ४ | सञ्चालक श्री त्रिलोक चन्द अग्रवालज्यू विदेश भ्रमणमा जानुभएकोले, सञ्चालक श्री रामचन्द्र संघईज्यू उपत्यका बाहिर भ्रमणमा जानुभएकोले तथा सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विशेष कामले संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |

| क्र.स. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | अनुपस्थित संचालकको नाम तथा कारण |
|---|---|---|---|
| २४ | २०७९/०३/२२ | ५ | सञ्चालक श्री रामचन्द्र संघईज्यू विदेश भ्रमणमा रहनुभएको तथा सञ्चालक श्री गणेश मान श्रेष्ठज्यू स्वास्थ सम्बन्धी समस्याले गर्दा संचालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |
| २५ | २०७९/०३/२३ | ५ | सञ्चालक श्री गणेश मान श्रेष्ठज्यू स्वास्थ सम्बन्धी समस्याले गर्दा तथा सञ्चालक श्री निकुञ्ज अग्रवालज्यू विदेश भ्रमणमा जानुपरेकोले सञ्चालक समितिको बैठकमा उपस्थित हुन नसक्ने जानकारी गराउनु भएको । |

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको: | राखेको |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) | २१ दिन |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति | मिति २०७५/०९/०४ मा सम्पन्न बैंकको २१ औं वार्षिक साधारण सभा |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु | अध्यक्ष : रु २०,०००/-<br>संचालक : रु १६,०००/- |
| आ.व.को संचालक समितिको कुल बैठक खर्च | रु ६,२४०,०००/- |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको : | भएको |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | नभएको |

सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूनर्ताजगी कार्यक्रम सम्बन्धी विववरण :

| क्र.स. | विषय | मिति | सहभागी संचालकको संख्या | तालिम संचालन भएको स्थान |
|---|---|---|---|---|
| १ | Corporate Governance in Banking Sector | २०७८/०४/१४ | ७ | बैंकको रजिष्टर्ड कार्यालय, थापाथली काठमाडौं |
| २ | Board Oversight on issues related to AML/CFT | २०७८/०८/१५ | ५ | बैंकको रजिष्टर्ड कार्यालय, थापाथली काठमाडौं |

| | |
|---|---|
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराए सोको विवरण:<br>• संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण,<br>• निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,<br>• निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेका भए त्यसको विवरण,<br>• निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण । | जानकारी गराएको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण: | नगरेको |
| सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण: | जानकारीमा नभएको |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी विवरण

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण: गठन भएको

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी:

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

**समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०४/२७ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०४/२८ देखि मिति २०७८/०५/१० सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| प्रमुख एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री दिपेन्द्र बहादुर राजभण्डारी | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०५/११ देखि मिति २०७८/०५/२७ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०५/२८ देखि मिति २०७८/०७/११ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | संयोजक |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/०७/१२ देखि मिति २०७८/१२/२० सम्म**

| | |
|---|---|
| सञ्चालक, श्रीमती विजया स्वार | संयोजक |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

**समीक्षा अवधिको मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्रीमती विजया स्वार | संयोजक |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| सहायक प्र.का.अ - एक्सपिरियन्स् एशुरेन्स् ईको सिस्टम, श्री जयन्द्र रावल | सदस्य |
| प्रमुख जोखिम अधिकृत, श्री कपिल ढकाल | सदस्य सचिव |

(आ) समितिको बैठक संख्या: २९

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण :

**यस समितिको निम्न बमोजिमका जिम्मेवारीहरु (Terms of Reference) रहेका छन् :**

- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने ।
- व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।
- व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्यांकन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने ।
- जोखिम सम्पत्ति अनुसार पूँजीको पर्याप्तता, आन्तरिक पूँजी विश्लेषण पद्धति (ICAAP), व्यवसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी सञ्चालक समितिलाई आवश्यक राय, सुझाव दिने ।
- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एव्म संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने ।
- नियमित रुपमा दवाव परीक्षण (स्ट्रेस टेष्टिङ्ग) गरी सोको परिणाम माथि छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनु पर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि सञ्चालक समितिमा सुझाव पेश गर्ने ।
- सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।
- इजाजतपत्र प्राप्त संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समिक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।
- अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नु पर्ने हो आवश्यक सुझाव सहित सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको: भएको

(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण:
बैंकको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनका लागि प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुको लागि जारी भएको निर्देशन बमोजिम विभिन्न समितिहरु गठन गरिएको छ ।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण: बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनका लागि सञ्चालक स्तरिय देहाय बमोजिमका समितिहरु गठन गरिएको छ :

१. जोखिम व्यवस्थापन समिति : बुंदा नं. ३.ख मा उल्लेख भए बमोजिम

२. लेखापरीक्षण समिति : बुंदा नं. ६.ख मा उल्लेख भए बमोजिम

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

१. जोखिम व्यवस्थापन समितिको संरचना : बुंदा नं. ३.ख(अ) मा उल्लेख भए बमोजिम

२. लेखापरीक्षण समितिको संरचना : बुंदा नं. ६.ख मा उल्लेख भए बमोजिम

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति

**समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि मिति २०७८/०७/११ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्री विनोद कुमार प्याकुरेल | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री राजु प्रसाद अधिकारी, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

**मिति २०७८/०७/१२ देखि मिति २०७८/०८/०८**

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्रीमती विजया स्वार | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री राजु प्रसाद अधिकारी, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

**मिति २०७८/०८/०९ देखि मिति २०७८/१२/२०**

| | |
|---|---|
| सञ्चालक, श्री राजेन्द्र प्रसाद अर्याल | संयोजक |
| सञ्चालक, श्रीमती विजया स्वार | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री दिपक ढकाल, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

**मिति २०७८/१२/२२ देखि मिति २०७९/०३/३२ सम्म**

| | |
|---|---|
| सञ्चालक, श्री आदित्य कुमार अग्रवाल | संयोजक |
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | सदस्य |
| श्री कपिल ढकाल, प्रमुख जोखिम अधिकृत | सदस्य |
| श्री दिपक ढकाल, सम्पत्ति शुद्धीकरण निवारण कार्यान्वयन अधिकृत | सदस्य सचिव |

(आ) समितिको बैठक संख्या :

१. जोखिम व्यवस्थापन समितिको बैठक संख्या : २९

२. लेखापरीक्षण समितिको बैठक संख्या : ५८

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति : २०

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण

१. जोखिम व्यवस्थापन समितिको कार्य : बुंदा नं. ३.ख(इ) मा उल्लेख भए बमोजिम

२. लेखापरीक्षण समितिको कार्य : अनुसूची १ मा उल्लेख भए बमोजिम

३. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति (अनुसूची २ मा उल्लेख भए बमोजिम)

(च) आर्थिक प्रशासन विनियमावली भए/नभएको : भएको

## ४. सुचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको : विवरण

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सूचना | राष्ट्रिय स्तरको पत्रिका | २०७९/०९/०७ |
| विशेष साधारण सभाको सूचना | - | - |
| वार्षिक प्रतिवेदन | वेवसाइट | |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय स्तरको पत्रिका र वेवसाइट | २०७८/०७/१५, २०७८/१०/०७, २०७९/०१/०७, २०७९/०४/०५ |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना (आ.व. २०७८ र ७९ को लाभांश वितरण सम्वन्धि सूचना) | प्रेष विज्ञप्ती तथा सम्बन्धित नियमनकारी निकायहरुमा पत्र मार्फत | २०७९/०९/०६ |
| अन्य | - | - |

*नोट : बैंकले आ.व २०७८/७९ मा विशेष साधारण सभा नगरेको*

(ख) सुचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी : नपरेको

(ग) पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मिति : पछिल्लो वार्षिक साधारण सभा मिति २०७८/१२/२० गते सम्पन्न भएको तथा बैंकले आ.व २०७८/७९ मा विशेष साधारण सभा नगरेको

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

(क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृत्ति विकास, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको : भएको

(ख) सांगठानीक संरचना संलग्न गर्ने : अनुसूची ३ मा उल्लेख भए बमोजिम

(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण : अनुसूची ४ मा उल्लेख भए बमोजिम

(घ) कर्मचारी सम्बन्धी अन्य विवरण

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको : | गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा यस बैंकको कर्मचारी सेवा विनियमावलीमा तोकिएका तपसिल बमोजिमका प्रकृया अनुसार गर्ने गरिएको :<br>१. खुल्ला प्रतिस्पर्धा अन्तर्गत पत्रिकामा विज्ञापन प्रकाशित गरी प्राप्त आवेदकको योग्यता अनुसार प्रारम्भिक छनोट गरी  लिखित परीक्षा, सामुहिक छलफल र अन्तरवार्ताको आधारमा नियुक्ति,<br>२. उत्कृष्ट छनोट प्रकार अन्तर्गत एक्जुक्युटिभ सर्च, हेड हन्ट माध्यमबाट प्राप्त आवेदनमा प्रारम्भिक छनोट गरी अन्तरवार्ताको आधारमा नियुक्ति । |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या: | १०९ |
| कुल कर्मचारीको संख्या: | ४,३८५ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | भएको |
| आ. व. कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्या: | १,३७७ तालिम द्वारा ५३,५३६ सम्मिलित कर्मचारीहरूलाई तालिम दिईएको (एक कर्मचारीलाई एक भन्दा बढी तालिम दिईएको) |
| आ. व. को कर्मचारी तालिम खर्च रु : | रु.११८,६०२, ९४९ |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ६४.४२ प्रतिशत |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालीम खर्चको प्रतिशत : | २.६५ प्रतिशत |

## ६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

(क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ. व. को वित्तिय विवरण NFRS अनुसार तयार गरे/ नगरेको, नगरेको भए सोको कारण : | गरेको |
| संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति: | २०७८/११/२६ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | २०७८/०७/१५,<br>२०७८/१०/०७,<br>२०७९/०१/०७,<br>२०७९/०४/०५ |
| अन्तिम लेखापरिक्षण सम्पन्न भएको मिति : | २०७९/०९/०५ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति : | |
| संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरण : | |
| (अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको | (अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको |
| (आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण | (आ) गरिएको छैन |


बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

| | |
|---|---|
| (इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक,चौमासिक वा अर्धबार्षिक) | (इ लेखापरीक्षण समितिबाट स्वीकृत गरिएको अघिल्लो लेखापरिक्षणको grade अनूसार विभिन्न शाखा, विभागहरुको लेखापरिक्षणको अवधि निम्न बमोजिम तय गर्ने गरिएको ; |

| Overall AuditGrade of Previous Audit | Audit Frequency | Tolerance Level (+/-) |
|---|---|---|
| Very Good (1) | Annually | 1 month |
| Very Good (2) | Semi Annually | 1 month |
| Good (3) and Above | Quarterly | 1 month |

(ख) लेखापरीक्षण समिति सम्बन्धी विवरण

- संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता :

**समीक्षा अवधिको सुरुवात मिति २०७८/०४/०१ देखि समीक्षा अवधि मिति २०७८/०५/२७ सम्म**

| नाम | पद | योग्यता |
|---|---|---|
| सञ्चालक, श्री गणेश मान श्रेष्ठ | संयोजक | स्नातकोत्तर |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य | स्नातकोत्तर |
| प्रमुख आन्तरिक लेखापरीक्षक, श्री कमल खड्का | सदस्य सचिव | चार्टर्ड एकाउण्टेण्ट |

**समीक्षा अवधिको मिति २०७८/०५/२८ देखि समीक्षा अवधि मिति २०७८/०७/११ सम्म**

| नाम | पद | योग्यता |
|---|---|---|
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | संयोजक | स्नातकोत्तर |
| प्रमुख आन्तरिक लेखापरीक्षक, श्री कमल खड्का | सदस्य सचिव | चार्टर्ड एकाउण्टेण्ट |

**समीक्षा अवधिको मिति २०७८/०७/१२ देखि समीक्षा अवधि मिति २०७८/१२/२० सम्म**

| नाम | पद | योग्यता |
|---|---|---|
| सञ्चालक,श्री विनोद कुमार प्याकुरेल | संयोजक | स्नातकोत्तर |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य | स्नातकोत्तर |
| प्रमुख आन्तरिक लेखापरीक्षक, श्री कमल खड्का | सदस्य सचिव | चार्टर्ड एकाउण्टेण्ट |

**समीक्षा अवधिको मिति २०७८/१२/२२ देखि समीक्षा अवधि मिति २०७९/०३/३२ सम्म**

| नाम | पद | योग्यता |
|---|---|---|
| सञ्चालक,श्री गणेश मान श्रेष्ठ | संयोजक | स्नातकोत्तर |
| सञ्चालक, श्री निकुञ्ज अग्रवाल | सदस्य | स्नातकोत्तर |
| प्रमुख आन्तरिक लेखापरीक्षक, श्री कमल खड्का | सदस्य सचिव | चार्टर्ड एकाउण्टेण्ट |

- बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या :

| क्र. सं | मिति | उपस्थित सदस्य संख्या |
|---|---|---|
| १ | २०७८/०४/१२ | ३ |
| २ | २०७८/०४/२९ | ३ |
| ३ | २०७८/०५/२० | ३ |
| ४ | २०७८/०५/२३ | ३ |
| ५ | २०७८/०५/२५ | ३ |
| ६ | २०७८/०६/०५ | २ |
| ७ | २०७८/०७/०९ | २ |
| ८ | २०७८/०७/१४ | ३ |
| ९ | २०७८/०७/१६ | २ |
| १० | २०७८/०७/२२ | २ |
| ११ | २०७८/०७/२३ | २ |
| १२ | २०७८/०७/२४ | २ |
| १३ | २०७८/०८/०७ | ३ |
| १४ | २०७८/०८/१३ | ३ |
| १५ | २०७८/०८/१४ | ३ |
| १६ | २०७८/०८/१९ | ३ |
| १७ | २०७८/०८/२० | ३ |
| १८ | २०७८/०८/२९ | ३ |
| १९ | २०७८/०९/०१ | ३ |
| २० | २०७८/०९/१९ | ३ |
| २१ | २०७८/०९/२० | ३ |
| २२ | २०७८/०९/२२ | ३ |
| २३ | २०७८/१०/०६ | ३ |
| २४ | २०७८/१०/१८ | ३ |
| २५ | २०७८/११/०१ | ३ |
| २६ | २०७८/११/०३ | ३ |
| २७ | २०७८/११/०४ | ३ |
| २८ | २०७८/११/०९ | ३ |
| २९ | २०७८/११/१० | ३ |
| ३० | २०७८/११/१५ | ३ |
| ३१ | २०७८/११/१६ | ३ |
| ३२ | २०७८/११/१७ | ३ |
| ३३ | २०७८/११/२९ | ३ |
| ३४ | २०७८/११/३० | ३ |
| ३५ | २०७८/१२/१४ | ३ |
| ३६ | २०७८/१२/१५ | ३ |
| ३७ | २०७९/०१/०४ | ३ |
| ३८ | २०७९/०१/०५ | २ |
| ३९ | २०७९/०१/०६ | ३ |
| ४० | २०७९/०१/१३ | २ |
| ४१ | २०७९/०१/१४ | ३ |
| ४२ | २०७९/०१/१६ | ३ |
| ४३ | २०७९/०१/२२ | ३ |
| ४४ | २०७९/०१/२३ | ३ |
| ४५ | २०७९/०१/२५ | ३ |
| ४६ | २०७९/०१/२८ | ३ |
| ४७ | २०७९/०१/२९ | २ |
| ४८ | २०७९/०२/०५ | २ |
| ४९ | २०७९/०२/०६ | ३ |
| ५० | २०७९/०२/१२ | ३ |
| ५१ | २०७९/०२/१३ | ३ |
| ५२ | २०७९/०२/१८ | २ |
| ५३ | २०७९/०२/३० | २ |
| ५४ | २०७९/०२/३१ | ३ |
| ५५ | २०७९/०३/०२ | ३ |
| ५६ | २०७९/०३/०३ | २ |
| ५७ | २०७९/०३/०६ | ३ |
| ५८ | २०७९/०३/१४ | ३ |

- प्रति वैठक भत्ता रु. : रु १६,०००/-
- लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको मिति :

| क्र. सं | मिति |
|---|---|
| १ | २०७८/०७/२२ |
| २ | २०७८/११/०६ |
| ३ | २०७९/०१/१५ |
| ४ | २०७९/०४/१९ |

## ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा वित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिए/ नलिएको | नलिएको |
| प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको | नगरेको |
| नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | भएको |
| संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण | बैंकको कर्जा असुलीको क्रममा हुने मुद्दाहरु बाहेकका अन्य मुद्दा नभएको र सञ्चालक विरुद्ध मुद्दा चलेको जानकारी नभएको |

परिपालना अधिकृतको नाम : दिपक ढकाल
पद : प्रमुख अनुपालना विभाग
मिति : २०७९/०९/०६

प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत मिति : २०७९/०९/०६

## अनुसूची १ : लेखापरीक्षण समितिको प्रमुख जिम्मेवारीहरु (Terms of Reference)

- प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त संस्थाको समग्र वित्तीय अवस्था, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना र आन्तरिक लेखापरीक्षणमा औंल्याइएका विषयहरुमा आवधिक रुपमा समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने कदमबारे व्यवस्थापनलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धी सुझाव सञ्चालक समितिमा पेश गर्ने ।
- बाह्य लेखापरीक्षकले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई निर्देशन दिने ।
- नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका बुँदा/कैफियतहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने ।
- इजाजतपत्र प्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।
- इजाजतपत्र प्राप्त संस्थाको कारोबारको हर-हिसाव सही र यथार्थ भएको सम्बन्धमा सञ्चालक समितिलाई विश्वस्त तुल्याउनुको साथै सम्भावित दायित्व र कर्जा वर्गिकरण गरी सोको लागि राख्नु पर्ने व्यवस्था सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने ।
- प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन व्यवस्थाहरु पालना गरे नगरेको सम्बन्धमा समितिले समीक्षा गर्नुका साथै सो सम्बन्धी ब्यहोरा आफ्नो प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।
- आन्तरिक लेखापरीक्षण सम्बन्धी विस्तृत कार्य प्रणाली तयार गरी सोको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने ।
- इजाजतपत्रप्राप्त संस्थाको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरु अवलम्बन भए नभएकोबारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।
- इजाजतपत्रप्राप्त संस्थाको त्रैमासिक वित्तीय विवरणको समीक्षा गरी सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने ।
- बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ र कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका कार्यहरु गर्ने ।


बैंक पनि साथी पनि राम्रो पनि हाम्रो पनि

# अनुसूची २ : सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको प्रमुख जिम्मेवारीहरु (Terms of Reference)

- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

- सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रकृयागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि सञ्चालक समितिलाई सुझाव दिने ।

- इजाजतपत्र प्राप्त संस्थाको वार्षिक वित्तीय विवरणलाई सही र यथार्थ बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।

- ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको बिश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम बर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, नेपाल राष्ट्र बैंक द्वारा जारी निर्देशन, एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

- व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।

  (१) AML / CFT को जोखिम व्यवस्थापन सम्वन्धी प्रतिवेदन ।

  (२) ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र बृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई छिटो, छरितो र सुचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी बनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।

  (३) आन्तरिक लेखापरीक्षण, वाह्य लेखापरीक्षण र यस बैंकको निरीक्षण प्रतिवेदनमा उल्लेखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवंम प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरुको विस्तृत विवरण ।

- बैंकले नयाँ सेवा/सुबिधा शुरुवात गर्दा, प्रविधि (IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैकिङ्ग/मोबाईल बैकिङ्ग (QR Code समेत), मोबाइल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य अनलाईन/अफलाइन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोको व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधारहरुको सम्बन्धमा विस्तृत विवरण पुनरावलोकन गर्ने ।

- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाट बैंक/वित्तीय संस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

- कार्यान्वयन अधिकारी, संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा वढी शेयर स्वामित्व भएका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु, उच्च व्यस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न हुने कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

- AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो विषय सञ्चालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र नेपाल राष्ट्र बैंकले तोके बमोजिमको माध्यमवाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।

- सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्नका लागि संस्थाले सम्पादन गर्नूपर्ने कार्यहरु जोखिमका आधारमा सम्पादन हुनेगरी संचालक समितिबाट वार्षिक वजेट तथा कार्यक्रम तय गर्नुपर्ने । सोको प्रभावकारी कार्यान्वयन भए/नभएको सुनिश्चित गर्ने संयन्त्र तयार गर्ने तथा नियमित अनूगमन गर्ने जिम्मेवारी समितिको हुने ।

# अनुसूची ३ : संस्थागत संरचना

